# भागेश्वर गाउँपलिका

# स्थानीय राजपत्र

## भाग-२

## ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०९।२७**

**प्रस्तावनाः** भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, डडेल्धुराले खरिद गरेको ब्याकहो लोडर विभिन्न व्यक्ति, समुह, समिति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँन र गाउँपालिका भित्रका सडक संरचना निर्माण तथा मर्मत गर्न अवलम्बन गर्नुपर्ने विधि तथा प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि भागेश्वर गाउँपालिका, डडेल्धुराले भागेश्वर गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ तर्जुमा गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **भागेश्वर गाउँपालिकाको ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९** रहेको छ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

**विषय वा प्रसँगले अर्को अर्थ नलागेमा**

(क) **"कार्यविधि"** भन्नाले ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बुझ्नुपर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले भागेश्वर गाउँपालिका बुझ्नुपर्दछ।

(ग) **"कार्यालय"** भन्नाले भागेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भन्ने बुझ्नुपर्दछ।

(घ) **"कोष"** भन्नाले भागेश्वर गाउँपालिकामा यस कार्यविधि बमोजिम गठन गरिएको ब्याकहो लोडर सञ्चालन कोष बुझ्नुपर्दछ।

(ङ) **"ब्याकहो लोडर"** भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने भागेश्वर गाउँपालिकाको स्वामित्वमा रहेको मेशिनरी उपकरणलाई बुझ्नुपर्दछ ।

(च) **"धरौटी"** भन्नाले कुनै काम नसकिएसम्म जमानत वाफत राखिएको रकमलाई बुझ्नुपर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडरलाई सदुपयोग गर्न सघाउ पुऱ्याउने ।

(ख) गाउँपालिकाको ब्याकहो लोडरलाई मितव्ययी र पारदर्शी तरिकाले सञ्चालन गरी गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने ।

(ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तिय कुशलता हासिल गर्न सघाउ पुऱ्याउने ।

(घ) गाउँपालिकाको संस्थागत विकास, आयोजना व्यवस्थापन र वित्तीय अनुशासन कायम गर्ने ।

(ङ) ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझै बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

(च) ब्याकहो लोडर लाई कुशलता पुर्वक सञ्चालन र व्यवस्थापन गरि दीर्घकालीन रुपमा उपयोग गर्ने ।

**४. ब्याकहो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रम :**

(क) ब्याकहो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन तथा विकास निर्माण सम्बन्धी कार्यका लागि तोकिएको भाडादरमा समेत प्रयोग गर्न सकिने छ ।

(ख) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छ ।

(अ) दैवी प्रकोप उद्धार कार्य,

(आ) गाउँ क्षेत्रमा गाउँपालिकाबाट सञ्चालन भएका विकासका आयोजनाहरुको कार्य,

(इ) गाउँ क्षेत्रमा उपभोक्ता समितिद्वारा कार्यान्वयनमा रहेका विकास योजनाको कार्य (तोकिएको भाडादरमा)

(ई) गाउँपालिका क्षेत्रभित्र सरकारी, गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास आयोजनामा सम्बन्धित कार्यमा गाउँ क्षेत्रका अन्य व्यवसायी, निर्माणकर्मीलाई भाडामा दिँदा ।

(उ) गाउँपालिका क्षेत्र बाहिर डडेल्धुरा जिल्लाभित्र सञ्चालित विकास निर्माणसँग सम्बन्धित कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समुह/समिति वा संस्थालाई भाडामा दिँदा ।

**५. ब्याक हो लोडर सञ्चालन गर्नका लागि जनशक्ति व्यवस्था :**

(क) ब्याकहो लोडर सञ्चालन गर्नका लागि एक जना चालक र एक जना सहयोगीको व्यवस्था गर्न सकिनेछ।

(ख) ब्याकहो लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ग) ब्याकहो लोडर चालक र सहयोगी सेवा करारमा लिन सकिनेछ ।

(घ) ब्याकहो लोडर सञ्चालनबाट प्राप्त आम्दानीको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ ।

**६. ब्याक हो लोडरको भाडा र दर निर्धारण :**

गाउँपालिकाको ब्याक हो लोडरको भाडादर प्रचलित बजार मुल्यलाई आधारमानी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. ब्याक हो लोडर भाडामा दिनुपर्दा अपनाउनु पर्ने कार्यविधि :**

(क) भाडामा लिन चाहने व्यक्ति, संघसंस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोपराइटरले गाउँपालिकाले स्वीकृत गरेको दर रेटमा अग्रिम रुपमा रकम गाउँपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा गाउँपालिकाको कार्यालयको धरौटी खातामा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित गाउँपालिकाको कार्यालयमा अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्ने छ ।

(ख) यसरी निवेदन प्राप्त हुन आएमा समितिको बैठक बसी ब्याकहो लोडर भाडामा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(ग) ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत र उपभोक्ता समितिका तर्फबाट सम्बन्धित उपभोक्ता समितिको अध्यक्षले अनुसूचि-२ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । ब्याक हो लोडर संचालन अवधिको अनुसूचि-३ बमोजिम लगबुक समेत राख्नु पर्नेछ ।

(घ) तोकिएको समयावधिको कार्य समाप्त भए पछि थप समय काम गरेमा तोकिएको दरमा थप रकम समेत भुक्तानी गर्ने दायित्व समेत सोहि निवेदकको हुनेछ । गाउँपालिकाद्वारा सञ्चालित योजनाका उपभोक्ता समितिको हकमा योजनाको अन्तिम भुक्तानी दिँदा भाडा वापतको रकम कट्टी गरेर मात्र भुक्तानी दिइनेछ।

(ङ) धरौटी वाफत जम्मा भएको रकमले पुग्ने भन्दा बढी समय ब्याकहो लोडरले कार्य अगाडी बढाउन बाध्य हुने छैन ।

(च) कार्यालयमा आइ वा कार्यालयका प्रतिनिधि वा ब्याकहो लोडर चालकलाई धरौटी वाफत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिनेछ । सो कुराको जानकारी कुनै पनि संचारको माध्यमबाट कार्यालय प्रमुखलाई गराउनु पर्नेछ ।

(छ) कार्यालयको अनुमति नलिइ चालकले कार्य प्रकृया अगाडी बढाएमा चालकबाट नै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई कानूनी कारवाही गरिनेछ ।

(ज) ब्याकहो लोडर भाडा लिन चाहने व्यक्ति संघसंस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोपराइटरले भाडामा लिँदा भाडा भागेश्वर गाउँपालिकाले कार्यालय वा ब्याकहो लोडर रहेकै स्थानबाट भाडादर गणना गरिनेछ ।

(झ) यदि गाउँपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म, कम्पनी, उपभोक्ता समितिले कार्य सञ्चालन गर्दा गाउँपालिकाले निजको विलबाट कट्टा हुने गरि तोकिएको भाडादरमा ब्याकहो

लोडर उपलब्ध गराउन सक्नेछ । तर अग्रिम नगदै वा बैंक जम्मा गर्ने ब्यक्ति, फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिइनेछ ।

(ञ) ब्याकहो लोडर भाडामा लिने ब्यक्ति, फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी, उपभोक्ता समितिले ब्याकहो लोडर भाडामा लिने स्थान देखि नै इन्धन खर्च बेहोर्नु पर्नेछ ।

(ट) ब्याकहो लोडरको आन्तरिक खाता बेग्लै हुनेछ । उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिनेछ । खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

(ठ) चालकले प्रत्येक घण्टाको लगबुक अनुसूचि ३ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ । कार्यस्थलमा काम गर्दा बढी रकम गरि कम काम देखाइ वा तोकिएको भन्दा बढी काम गरि कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, ब्यक्ति, फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिको यस कार्यविधिको भावना र मर्म विपरित हुने गरि प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धाक धम्कीमा परी कसैलाई सञ्चालन गर्न दिइ हानी नोक्सानी भएको रकम चालकबाटै असुल उपर गरि उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानुन बमोजिम निजलाई कारवाही गरिनेछ ।

(ड) गाउँपालिकाले ब्याकहो लोडरको अनिवार्य रुपमा बीमा गर्नुपर्नेछ ।

**८. ब्याकहो लोडरको व्यवस्थापन र सञ्चालन कोष :**

गाउँपालिकामा ब्याकहो लोडर सञ्चालन कोष रहनेछ । यस कोषमा ब्याकहो लोडर भाडामा दिँदा प्राप्त भएको रकम जम्मा गरिनेछ । उक्त कोषबाट तपशिल बमोजिमका शीर्षकहरु बाहेक अन्य कुनै शीर्षकमा खर्च गरिने छैन ।

(क) सवारी चालक र सहयोगीलाई दिइने तोकिए बमोजिमको तलव भत्ता रकम ।

(ख) इन्धन खर्च ।

(ग) मेशिनरी औजार उपकरण पार्टपुर्जाको मर्मत तथा खरिद खर्च ।

(घ) मेशिन सञ्चालन गरे वाफत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम ।

(ङ) ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्दा भएको चिया नास्ता खर्च ।

(च) गाउँ कार्यपालिकाले निर्णय गरे अनुसारका अन्य शीर्षकहरुमा खर्च हुने रकम ।

(छ) मेशिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरि आउने अन्य खर्च ।

**९. ब्याकहो लोडर व्यवस्थापन तथा सञ्चालन कोषको सञ्चालन :**

(क) ब्याकहो लोडर व्यवस्थापन तथा सञ्चालन कोषको सञ्चालन स्थानीय तहले निर्माण गरेको आर्थिक ऐन, नियमावली र अन्य प्रचलित कानुन बमोजिम गरिनेछ ।

(ख) ब्याकहो लोडर व्यवस्थापन तथा सञ्चालन कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

(ग) ब्याकहो लोडर व्यवस्थापन तथा सञ्चालन कोषको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गाउँपालिकाको लेखा परीक्षणसँगै गराउनु पर्नेछ ।

**१०. ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

ब्याकहो लोडरको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक ब्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) अध्यक्षले तोकेको गाउँकार्यपालिकोको सदस्य मध्येबाट १ जना महिला सहित २ जना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ङ) योजना तथा पूर्वाधार शाखा प्रमुख सदस्य - सदस्य

च) जिन्सी शाखा प्रमुख - सदस्य सचिव

**११. ब्याकहो लोडर व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :**

(क) भाडामा सञ्चालन हुने मेशिनको माथि उल्लेखित प्रावधानहरुको परिधिभित्र रहि व्यक्ति, फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई भाडामा मेशिन उपलब्ध गराउने ।

(ख) सम्झौता अवधि भित्र तोकिए अनुसार कार्य भए नभएको अनुगमन गर्ने, तोकिए अनुसार कार्य भए नभएको जाँचबुझ गरी उपभोक्ता समितिको कारणबाट कार्य हुन नसकेको पाइएमा सम्झौता रद्ध गर्ने र ब्याक हो लोडर फिर्ता बोलाउने र कर्मचारीले तोकेको जिम्मेवारी पुरा नगरी सोको कारणबाट कार्य नभएको पाइएमा कारवाहीका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ग) प्राकृतिक विपदजन्य घटनाहरु जस्तै बाढी, पहिरो आदि घटित हुँदा निर्णय गरि प्राथमिकताक्रम तोकी सो को आधारमा अवरुद्ध सडक सरसफाई गरी यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(घ) समय समयमा मेशिनको जाँच गरी/गराई मर्मत गर्नुपर्ने अवस्था देखिएमा वा पार्टपुर्जा थप गर्नुपर्ने भए निर्णय गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ङ) सञ्चालक समितिको बैठक महिनाको १ पटक अनिवार्य रुपमा बस्नुपर्ने छ । आवश्यकता अनुसार थप बैठकहरु बस्न सक्नेछन । उक्त बैठकमा मेशिनको अवस्था, बस्तुस्थिति र आय-व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने ।

(च) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

(छ) बैठक संचालन हुँदा उक्त कोषबाट खाजा खर्च बाहेक अन्य खर्च गरिने छैन ।

**१३. ब्याक हो लोडर मर्मत सम्बन्धि व्यवस्था :**

मेसिन विग्रिएर मर्मत गर्नुपर्ने अवस्था भएमा कुन कुन पार्टको मर्मत संभार गर्नुपर्ने हो । कुन कुन सामानहरु फेरबदल गर्नुपर्ने हो सोको विवरण सहित अपरेटरले सदस्य सचिव समक्ष निवेदन दिनपर्नेछ । अपरेटरको निवेदन प्राप्त भए पश्चात सदस्य सचिवले तत्काल सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बोलाउन लगाई आवश्यक छलफल गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गर्न लगाई प्रचलित कानून बमोजिम मर्मत सम्भार गर्नुपर्नेछ ।

**१२. कार्यविधिको पालना :**

गाउँपालिकाले यस कार्यविधि प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारमा तोकिएका शर्तहरु गाउँ कार्यपालिका तथा गाउँसभाबाट गरिएको निर्णयहरुको समेत पालना गर्न गराउनु पर्नेछ

**१३. अवाञ्छित प्रभाव पार्न नहुने :**

यो कार्यविधि बमोजिम मेसिनद्धारा योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष लगायत सम्बद्ध पक्षले व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयलाई स्वीकार गर्नुपर्नेछ । विभिन्न योजनाहरुबाट एकैपटक मेशिनको माग भएकोमा यो कार्यविधि बमोजिम तोकिएको प्राथमिकताक्रम वा पहिले माग गर्ने योजनालाई प्रथम प्राथमिकता दिने गरी भएको समितिको निर्णयलाई कसैले अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन । कुनै योजनाका सम्बद्ध पक्षले त्यस्तो अवाञ्छित प्रभाव पार्ने प्रयत्न गरेमा समितिले त्यस्तो योजनामा मेशिन नपठाउने निर्णय समेत गर्न सक्नेछ ।

**१४. थपघट वा हेरफेर गर्न सक्ने :**

यस कार्यविधि कार्यान्वयनका शिलसिलामा कुनै वाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

**१५. संसोधन खारेजी र बचाऊ :**

(क) यस कार्यविधिमा उल्लेखित कुराहरु छुट हुन गई कुनै कुरा थपघट वा हटाउन वा परिमार्जन गर्नु परेमा गाउँकार्यपालिका र गाउँ सभाले मात्र गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा गाउँ कार्यपालिका तथा गाउँ सभाको निर्णय, निर्देशन वा आदेश बमोजिम हुनेछ ।

ग) यो कार्यविधि जारी हुनु अघि डोजर सञ्चालन र व्यवस्थापन सम्बन्धी भए गरेका कामकुराहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची १

### ब्याक हो लोडर माग सम्बन्धि निवेदन पत्रको ढाँचा

**श्रीमान् संयोजक ज्यू,**
**ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन समिति**
**भागेश्वर गाउँपालिका, डडेल्धुरा ।**

**विषय : मेशिन उपलब्ध गराई दिने सम्बन्धमा ।**

महोदय :

उपरोक्त विषयमा ......................................उपभोक्ता समितिको मिति .........................गतेको निर्णय बमोजिम .................................योजनामा डोजरको प्रयोग गरी योजना सञ्चालन गर्न ..........................कार्य दिनका लागि लाग्ने भाडा रु. ताहाँ कार्यालयको हि.नं. .................मा जम्मा गरी सो को सक्कल भौचर यसै साथ पेश गरेको छु । सञ्चालन अवधिमा लाग्ने डोजरको इन्धन, मोबिल, ग्रीज आदिका लागि आवश्यक पर्ने रु........समेत उपरोक्त खातामा जम्मा गरेको सक्कल भौचर समेत यसै साथ पेश गरेको छु । ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ द्धारा जारी गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतः पालन गर्ने गराउनेछु । डोजर उपलब्ध गराई सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

निवेदक

नाम :

पद :

उपभोक्ता समितिको नाम :

# अनुसूचि २

ब्याक हो लोडर संचालन सम्झौता

भागेश्वर गाउँपालिका व्याकहो लोडर संचालन व्यवस्थापन समिति बगरकोट डडेल्धुरा र .................. जिल्ला .................. गाउँपालिका/नगरपालिका................................................ बीच लोडर संचालन सम्वन्धी भएको सम्झौता पत्र

१. भागेश्वर गाउँपालिका व्याकहो लोडर संचालन व्यवस्थापन समिति बगरकोट डडेल्धुरा पहिलो पक्ष र .......... ......................................................... लाई दोस्रो पक्ष भनिनेछ ।

२. उक्त योजनामा मिति ........................ गते देखि ........................... गते सम्म डोजर संचालन गर्न गराउन दुवै पक्ष सहमति जनाउदछौं ।

३. ब्यक हो लोडर संचालन वापत दोस्रो पक्षले प्रतिघण्टा रु. .................... रकम पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ । प्रतिघण्टा डोजर चलाए वापत दोस्रो पक्षले व्यक हो लोडर अपरेटरलाई रु..................उपलब्ध गराई बुझाएको भर्पाई पहिलो पक्षलाई पेश गर्नुपर्नेछ ।

४. प्रकरण दुई अनुसार संचालन भएको डोजरले गरेको कामको दैनिक अभिलेख (लगबुक) अपरेटरको सहायतामा दोस्रो पक्षले राख्नु पर्नेछ ।

५. कामका खटिएको अवधिमा ब्याक हो लोडर व्यवस्थापनमा खटिने कर्मचारीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।

६. दोस्रो पक्षले गलत व्यवस्थापनका कारण योजना स्थलमा ब्याक हो लोडर काम बेगर बसेको पाईएमा त्यस्तो अविधको डोजर भाडा समेत दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नुपर्नेछ ।

७. व्याक हो लोडर प्रयोग गरी योजना संचालन गर्दा प्राविधिक सहयोग, सुपरीवेक्षण तथा अनुगमनको कार्य पहिलो पक्षले गर्नेछ ।

८. ब्याक हो लोडर संचालन अवधिमा कुनै प्रकारको विवाद सिर्जना भई विवादको सामाधान १ दिन भित्र हुन नसकी डोजर संचालन रोकिएमा पहिलो पक्षले विवादको गम्भिरतालाई हेरी तत्काल ब्याक हो लोडर फिर्ता वोलाएमा दोस्रो पक्षले बाधा विरोध गर्ने छैन ।

९. ब्याक हो लोडर अवधिमा कुनै प्रकारको विवाद सृजना भई विवादको सामाधान १ दिन भित्र हुन नसकी ब्याक हो लोडर संचालन रोकिएमा पहिलो पक्षले विवादको गम्भिरतालाई हेरी तत्काल डोजर फिर्ता बोलाएमा दोस्रो पक्षले बाधा विरोध गर्ने छैन ।

१०. ब्याक हो लोडर संचालन व्यवस्थापन निर्देशिका २०७९ लाई दोस्रो पक्षले समेत पूर्ण रुपमा पालन गर्नेछ।

११. ब्याक हो लोडर संचालन सम्वन्धमा पहिलो पक्ष र दोस्रो पक्ष बीच विवाद सृजना भएमा दुवै पक्षलाई उपयुक्त हुने गरी निकास निकाल्ने प्रयत्न गरिनेछ । यस्तो निकास निस्कन नसकेमा पहिलो पक्षको निर्णयलाई दोस्रो पक्षले स्वीकार गर्नपर्नेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामः | नामः |
| पद : | पद : |
| कार्यालय : | ठेगाना : |
| रोहवर : | |

ईति सम्वत ....... साल ................महिना ......गते .. मा शुभम

# अनुसूची ३

## भागेश्वर गाउँपालिका

## ब्याक हो लोडर व्यवस्थापन समिति

## डोजर प्रयोग सम्वन्धि लगबुक

योजनाको नाम :-

योजना अध्यक्षको नाम :

गाउँपालिका :

सम्झौता मितिः

सम्झौता अवधि : देखि सम्म जम्मा दिन ............

| क्र सं | डोजर प्रयोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | | सम्झौता अवधिमा डोजर प्रयोग हुन नसकेमा | | | | अध्यक्ष तथा सचिवको दस्तखत | अपरेटरको दस्तखत | डोजरले यो योजनामा खनेको कुल लम्वाई वा परिणमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजेल | मोविल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुको कारण | समय | | | | | | |
| | | | | | | | | | | | देखि | सम्म | जम्मा | | | | |
| | | | | | | | | | | | | | | | | | |

**आज्ञाले**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका